# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## विहादी गाउँपालिका
## पर्वत

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## विहादी गाउँपालिका

## पर्वत

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

विहादी गाउँपालिका

पर्वत

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| **निष्ठा** | *(Integrity)* |
| **स्वतन्त्रता** | *(Independence)* |
| **व्यावसायिकता** | *(Professionalism)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(गण्डकी प्रदेश)

प.सं. २०८०/८१

च.नं. ४२

मिति : २०८१।२।१०

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

पर्वत।

१. **कैफियत सहितको राय** — हामीलेपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड ५३ लाख ५७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.५६ लाख ९५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.७ लाख ४८ हजार, अनियमित बेरुजु रु ७० लाख ५७ हजार, प्रमाण पेश गर्नुपर्ने बेरुजु रु १ करोड १८ लाख ५७ हजार समेत गरी यस वर्ष रु.१ करोड ९६ लाख ६२ हजार बेरुजू कायम रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ५ करोड २६ लाख ८९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ६ करोड ३८ लाख

८२ हजार रहेको छ ।पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( जयराम घिमिरे )

**नायब महालेखापरीक्षक**

**विहादी गाउँपालिका,**

पर्वत जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४६ | ९९ | २५३५७ | १ | २० | ५६९५ | ४५ | ७९ | १९६६२ | ७४८ | ७०५७ | ११८५७ | ० | ० | १८९१४ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पर्वत | ५२६८९ | ० | १२३१२ | ४०३७७ | ३८४३ | १९६६२ | ६३८८२ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | २०७९।८० | २३ | न्यायीक समिति लक्ष्मी प्रसाद आचार्यले प्रमाण पेश गरेको । | ६०००० |
| २ | २०७९।८० | ३२ | विओके मा सवारी खरिदको सम्बन्धमा प्रमाण पेश भएको । | ३८४००० |
| ३ | २०७९।८० | ४२ | त्रिपाल खरिदमा वितरण गरेको भरपाई पेश भएको । | १०८००० |
| ४ | २०७९।८० | ४६ | आम्बरी मा वि भवन निर्माणकार्यको प्रमाण पेश गरेको । | २५००००० |
| ५ | २०७९।८० | ४६ | रानीपानी आ वि भवन निर्माण कार्यको प्रमाण पेश गरेको । | २५००००० |
| ६ | २०७९।८० | ५३ | विऊ वितरण भरपाई पेश गरेको । | ५२५०० |
| ७ | २०७९।८० | ६१ | जिन्सी निरीक्षण भत्ता असुल भएको । | २५२०० |
| ८ | २०७९।८० | ६२ | यातायात भत्ता वढी भुक्तान भएकोमा असुल भएको । | १७६०० |
| ९ | २०७९।८० | ६३ | कार्यलयमै रही भ्रमण भत्ता लिएकोमा असुल भएको । | १२६०० |

| | | | | |
|---|---|---|---|---|
| १० | २०७९।८० | ६५ | नमिल्ने भुक्तानीमा असुल भएको । | ४३०० |
| ११ | २०७९।८० | ६७ | वढी भुक्तानीमा असुल भएको । | ५७०० |
| १२ | २०७९।८० | ६९ | कार्यसम्पादन मूल्याङ्कन भत्ता भुक्तानीमा असुल भएको । | २५५०० |
| | **चालु वर्षको जम्मा** | | | **५६९५४००** |
| | **गत विगत वर्षतर्फको** | - | - | - |
| १ | २०७८।७९ | ३२ | हर्जना असुल भएको प्रमाण पेश । | ८९३६ |
| २ | २०७८।७९ | ३६ | धरौती रकम जफत गरी राजस्व खातामा दाखिला | ४५१८० |
| १ | २०७७।७८ | २६ | मेडपा कार्यक्रमको लागत सहभागिता असुल भएको । | ५८६७३ |
| २ | २०७७।७८ | ५१ | टनेल वितरणको भरपाई प्रमाण पेश भएको । | ६०७५०० |
| ३ | २०७७।७८ | ६ | घटी जिम्मेवारी सारेकोमा प्रमाण पेश गरेको । | १२८२२८८ |
| ४ | २०७७।७८ | २८ | विद्यालयको पेश्की फस्यौट गरेको प्रमाण पेश भएको । | १०२८०२३८ |
| ५ | २०७७।७८ | ३४ | पोसाक भत्ता दाखिला गरेको । | २९७०० |
| | **गत विगतको जम्मा** | - | - | १२३१२५१५ |
| | **कुल जम्मा** | - | - | १८००७९१५ |

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल ४४.८ वर्ग किलोमिटर तथा १०८२८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा

समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।३० देखि २०८०।६।२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## २ आन्तरिक नियन्त्रण प्रणाली

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा गाउपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• पालिकाले मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको देखियो।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• सहायक जिन्सी खातामा कर्मचारी तथा पदाधिकारीले प्रयोग गरेको सवारी तथा अन्य जिन्सी सामाग्रीहरुको सम्बन्धित व्यक्तिले बुझिलिएको दस्तखत गरेको र अवकाश वा सरुवा भएका कर्मचारीले फिर्ता गरेका मालसमान हाल कुन अवस्थामा भएको वा अन्य कुनै कर्मचारीलाई पुनः प्रयोगका लागि बुझाएको भन्ने रेकर्ड व्यवस्थित रुपमा राखेको पाइएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद २ दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनुसूची २ को ढाँचा बमोजिम उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको

• सामाजिक सुरक्षा वितरण भत्ता कार्यविधि, २०७७ को परिच्छेद ७ को दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको देखिन्छ ।

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको ।

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको ।

• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको देखिएन ।

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन

गर्नुपर्ने र नगरेमा दफा ३५ बमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ३ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १३,५२,९३,७८५.६१ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## ४ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४.१ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७,७०,३६,५९५ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । यस सम्बन्धि अन्य विवरण अनुसूची ३ मा हरेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ४.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४.२ फरक हिसाब — यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार नगरेकोले देहायको अवस्था रहेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ८१५०५९०४ | ३८४९९३७८८ | ४०१७५९४२५ | ६२९६४६९६ |
| आर्थिक विवरणअनुसार | ८१५०५९०४.७१ | ४१४६८५७०९.७२ | ४३३२२६९१७.९२ | ६२९६४६९६.५१ |

एकिकृत आर्थिक विवरण तयार नगरेकोले जिम्मेवारी भिडान हुन सकेन । फरक पर्नाको कारण पहिचान गर्नुपर्दछ ।

## ५ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु २०२७८८५.६२ राजस्व बाँडफाँड र अनुदानबाट रु ४५४९९७१७४.९२ समेत रु ४५७०२५०६०.५४ आम्दानी भएकोमा चालु तर्फ रु २५८४२८०३५.४५ र पूँजिगत तर्फ रु १३५२९३७८५.६१ समेत रु ३९३७२१८२१.०६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.५२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु १०१७४५८१.३४ खर्च भएको छ जुन आन्तरिक आयको ५०१.७३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८५.५४ प्रतिशत चालु र ७२.२७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

## ६ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,३९,६०,००० | २,१७,०१,७६३.२६ | ४९.३७ |
| २ | पूर्वाधार विकास | ११,६१,६४,३८० | ८,४४,५७,०४२.७४ | ७२.४ |
| ३ | सामाजिक विकास | २२,९०,१४,६७५ | २०,६९,८१,३९७.६३ | ९०.३८ |
| ४ | बातावरण तथा विकास | - | - | - |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २,८४,७३,९४५ | २,२९,२२,४६८.६८ | ८०.५ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ७,१७,१०,००० | ५,७६,५९,१४८.७५ | ८०.४१ |
| जम्मा | | ४८,९३,२३,००० | ३९,३७,२१,८२१.०६ | ८०.४६ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ९०.३८ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ४९.३७ प्रतिशत रहेको छ ।

## ७ प्रदेश संचित कोष फिर्ता

भौ.नं. ८।०८०।३।२४, मिक्लाङ काभाङ्ग देउराली बहाकी भञ्जयाङ उरामपोखरा सडक स्तरोन्नति उपभोक्ता समितिलाई अन्तिम विल वापत ९५,४३,४१४/७१ को कार्य गरेको प्राविधिक विलको आधारमा उपभोक्ताको अंश रु. ९,०३,४१४/- कट्टा गरी रु. ८६,४०,०००/- को ५० प्रतिशतले हुने रु. ४३,२०,०००/- प्रदेश समपुरकबाट खर्च लेख्नु पर्नेमा रु.४४,९०,०००/- भुक्तानी गरेकोले रु. १७००००/- बढी भुक्तानी गरेको रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७०,००० |

## ८ बैंक हिसाव मिलान

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ५५२८७९१६.७७ | ५५२८७९१६.७७ | ० |

| | | | |
|---|---|---|---|
| चालु खर्च खाता | ० | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | ५५८०३०५.७२ | ५५८०३०५.७२ | ० |
| विपद व्यवस्थापन खाता | १२६२१९.७८ | १२६२१९.७८ | ० |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| कर्मचारी कल्याण कोष खाता | ० | ० | ० |
| धरौटी | १९७०२५४.२४ | १९७०२५४.२४ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| बैङ्क | - | - | - |
| जम्मा | | | ० |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

## ९ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## १० स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय

तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## ११ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## १२ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## १३ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु ४३ करोड ४० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ

## १४ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १३५२९३७८५.६१ | ० | ३७८९९२९.२३ | ५०९८३१४७.१७ | ८०५२०७०९.२८ | ५९८५२६९१.४९ |
| प्रतिशत | | ० | २.०२ | २७.२४ | ४३.०१ | ३१.९७ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार प्रथम त्रैमासिकमा रु. ० प्रतिशत, दोस्रो त्रैमासिकमा रु २.०२ र तेस्रो त्रैमासिकमा रु २७.२४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र ३१.९७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा खर्च सन्तुलित हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १५ बजेट अवण्डा राखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु १,३९,२१,०००/- अबण्डा बजेट (गाउँ कार्यपालिकाको कार्यालयमा ८५ लाख र वडा कार्यालयहरुमा ५४ लाख २१ हजार) व्यवस्था गरी खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| क्र सं | योजनाको नाम | बजेट (रु हजारमा) |
|---|---|---|
| १ | विभिन्न ८९ योजना, भैपरी आउने तथा अन्य | ८५०० |
| २ | वडा कार्यालय, भैपरी आउने तथा विविध | ५४२१ |
| | जम्मा | १३९२१ |

## १६ पुँजीगत बजेटबाट आर्थिक सहायता

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७ (२) बमोजिम गाँऊपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ अनुसार पूँजिगत बजेटबाट चालु खर्च गर्न नमिल्ने उल्लेख छ । निम्नानुसार अनुत्पादक एवं प्रतिफल प्राप्त नहुने कार्यमा पुँजिगत शीर्षकबाट खर्च लेखेको छ । चालु खर्च मितव्ययी तरिकाले तथा पूँजिगत खर्च नतिजामुखी कार्यमा खर्च गर्नुपर्दछ । केही गोश्वारा भौचरको नमूना परीक्षण गर्दा निम्नानुसार शीर्षक/कार्यमा गाँऊपालिका पूँजिगतमा खर्च गरेको नियमित नभएको तथा यस सम्बन्धि अन्य विवरण अनुसूची ४ मा उल्लेख गरिएको छ ।.

| | |
|---|---|
| अनियमित भएको | ३,६०,००० |

**(विस्तृत विवरण बेरूजु दफा १६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## १७ योजनाको प्राथमिकिकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ६ वटा वडाको लागि वडागत र पालिकास्तरका विभिन्न ४२७ योजनामा वजेट विनियोजन गरेको छ।

## १८ लक्ष्य प्रगति

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नुपर्दछ ।

## १९ पाम्स प्रविष्ट्र नगरेको

१२।०७९।९।२८ विपद व्यवस्थापनको लागि खरिद गरिएका एल्मुनियम स्ट्रेचर, भऱ्याङ लगायतका विभिन्न सामान खरिद वापत जि.के. मिलिजुली सप्लायर्स प्रा.लि.लाई रु. ४०७,०२६/- भुक्तानी गरेकोमा उक्त सामान PAMS मा प्रविष्टी नगरेकोले खरिद नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,०७,०२६ |

## २० जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन थप प्रभावकारी बनाउनुपर्दछ।

## २२ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ ।जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ४ वटा नियमावली, २८ कार्यविधि लगायत ४३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।निर्माण भएका सम्पूर्ण कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गरि करायान्वयनमा ल्याएको पाईयो ।

## २३ न्यायीक समिति

✍ ……….. ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.६०००० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## २४ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहको र यो वर्ष समेत कुनै निवेदन उजुरी दर्ता भएको देखिएन

## २५ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

## २६ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाट समेत तलब खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## २७ नाफामूलक संस्थालाई फर्निचर खरिद

पालिकाले रोजगारमूखी स्थानीय श्रम र सीपमा आधारित आय आर्जन हुने प्रकृतिको कार्यमा खर्च गर्नुपर्नेमा एक नाफामूलक संस्थालाई छनौटको आधार वेगर फर्निचर खरिद वापत रकम भुक्तानी गरेको नियमित नदेखिएको रकम रु

| भौचर नं. र मिति | योजनाको नाम | लागत अनुमान |
|---|---|---|
| २६५।०८०।२।३ | सफल महिला वचत तथा ऋण सहकारी संस्थालाई फर्निचर वापतको रकम भुक्तानी | ५००००/- |

| | |
|---|---|
| अनियमित भएको | ५०,००० |

## २८ १०० मेट्रिक टन कोल्ड स्टोर निर्माण

प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमबाट १०० मे. टन कोल्ड स्टोर निर्माण गर्न निम्नानुसारको लागत अनुमान गरेको देखियो । तत्सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्:

| गो.भौ.नं. | लागत अनुमानको विवरण | रकम |
|---|---|---|
| २०७९।११।०३ | सिभिल कार्य | ३९०४१५०।४३ |
| | इलेक्ट्रिकल कार्य | १९५२०७।५२ |
| | मेकानिकल कार्य | ३४४६४५८।४१ |
| | **जम्मा** | **७५४५७१६।३६** |
| | गाउँपालिका योगदान | ६७२०००० (८९.०६%) |
| | जनसहभागिता | ८२५७१६।३६ (१०.९४%) |
| | **जम्मा** | **७५,४५,७१६।३६** |

२८.१ प्रतिवेदन पेश नगरेको: प्रदेश सरकार अर्थ मन्त्रालय, गण्डकी प्रदेशले बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन (२०७९।०८०) को बुँदा नं. ७ बमोजिम सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान अन्तर्गत प्राप्त कार्यक्रमलाई प्राथमिकता साथ कार्यान्वयन गरी यस्ता अनुदानमा संचालित कार्यक्रम तथा आयोजनाको छुट्टै प्रगति प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख गरेकोमा तदनुसारको प्रतिवेदन गरेको देखिएन। तत्सम्बन्धी व्यहोराहरु निम्न छन्:

२८.२ म्याद थप सम्बन्धमाः उपभोक्ता समितिसँग २०७९।१०।१२ मा गरेको सम्झौता बमोजिम २०८०।३।१५ मा काम सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा उक्त अवधिमा सम्झौता रकमको ३७.१९ प्रतिशत वित्तीय प्रगति गरेको देखिन्छ । योजना अनुगमन प्रतिवेदन अनुसार करिब ४० प्रतिशत सम्पन्न भएको उल्लेख गरेको छैन, तर सम्झौताको बुँदा नं. ८ बमोजिम सम्झौतामा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुने उल्लेख गरेकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम सम्झौता रकमको ०.०५ प्रतिशत प्रति दिनका दरले पूर्वनिर्धारित क्षतिपूर्ति लिनु पर्ने उल्लेख भएबाट सम्झौता रकम रु. ७५,४५,७१६।३६ को यो वर्ष १५ दिन ढिला गरेबाट रु. ५६,५९२/८७ मा उपभोक्ताको अंश १०.९४ प्रतिशत कट्टा गरी रु. ५०,४०१/६१ असुल गरी म्याद थप गरी कार्य सम्पन्न गर्नुपर्ने रु. ५०४०१/६१

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,४०१ |

२८.३ जटिल प्राविधिक कार्य उपभोक्ता समितिबाटः सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा स्थानीय श्रम र सिपको प्रयोग हुने कार्य लाभग्राही समुदायबाट गराउन सार्क नेमा कोल्ड स्टोर निर्माण जस्तो जटिल प्राविधिक कार्य समेत उपभोक्ता समुहबाट गराउने गरी गाउँसभा एवं कार्यपालिकाले निर्णय गर्नु उपयुक्त देखिएन । साथै सार्वजनिक खरिद नियमावली २०६४, को नियम ९७ को उपनियम ३ (क१) मा ६० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाइमा उपभोक्ता समितिको योगदान खुलाई लागत अनुमान तयार गर्नुपर्दछ ।खरिद नियमावली अनुसार लागत अनुमान तयार गरेको देखिएन, तसर्थ नियमले तोके बमोजिमको लागत अनुमान तयार गर्नुपर्दछ।

## २९ साठीलाख रुपैयाँ भन्दा वढीको लागत अनुमान

सार्वजनिक खरिद नियमावली २०६४, को नियम ९७ को उपनियम ३ (क१) मा ६० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाइमा उपभोक्ता समितिको योगदान खुलाई लागत अनुमान तयार गर्नुपर्दछ । भौ.नं. ३।०७९।११।३, मिक्लाङ काभ्राङ देउराली बहाकी भञ्याङ उरामपोखरा, सडक स्तरोन्नति उपभोक्ता समितिलाई १८,००,०००/- पेश्की दिएकोमा लागत अनुमान रु. ९५,११,०४७/९५ रहेको छ जसमा गाउँपालिकाको ९०,००,०००/- (५० प्रतिशत अंश प्रदेश सरकारको, ५० प्रतिशत गाउँपालिका) र उपभोक्ता समिति ८७१०४७/९५ (१०.०८%) रहेको छ । लागत अनुमान तयार गर्दा प्रत्येक कार्य इकाइमा उपभोक्ता समितिको योगदान खुलाई लागत अनुमान तयार गर्नुपर्दछ ।

## ३० राजश्व अभिलेख

कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

## ३१ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## ३२ BOQ मा सवारी साधन

✍ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.३८४९०० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३३ **सवारी साधन भाडा**

कार्यालयले खर्च गर्दा उपलब्ध स्रोत र साधनको मितव्ययी एवं दक्षतापूर्ण ढंगले परिचालन गरि नतिजा हासिल गर्नुपर्दछ ।गाऊपालिकाले सवारी साधन भाडामा लिई खर्च गरेको देखियो ।सवारी साधन भाडामा लिनुपर्नाको कारण, उद्देश्य र उक्त खर्चबाट प्राप्त नतिजा विश्लेषण र कार्यालयमा भएको सवारी साधनको उपलब्धता विचार गरि मात्र सावरी साधन भाडामा लिनुपर्ने र अनुगमनको लागि भाडामा लिनुपर्ने भए अनुगमन योजना, अनुगमन गर्ने स्थान, अनुगमन गर्ने कर्मचारीको विवरण स्वीकृत गरि अनुगमन गर्नुपर्नेमा सोको विवरण वेगर नै सवारी साधन भाडा खर्च गरेको नियमित नदेखिएको रु

| भौ नं/मिति | गाडी धनीको नाम | रकम |
|---|---|---|
| २६९।२०७९।१२।०८ | रिनु गुरुङ्ग | ७७००० |
| १९९।२०७९।११।०२ | रिनु गुरुङ्ग | ११०००० |
| | जम्मा | १८७००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८७,००० |

३४ **मेसिन जडान**

भौ.नं.२।०७९।१०।२३ बाट सरल यन्त्र प्रा.लि.लाई सोइल टेष्ट मेसिन खरिद वापत ३,३३,२६९.४८ भुक्तानी भएको देखिएको छ। कार्यालयले उक्त सामान लेखापरीक्षण अवधीसम्म पनि जडान गरेको देखिएन, यसरी प्रयोजन विनाको खरिद नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,३३,२६९ |

३५ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु २४,६५,०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु २०,२७,८८५.६२ अर्थात अनुमान भन्दा १७.७३ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

## ३६ व्यवसाय कर

व्यवसाय कर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु ३०,००० अनुमान गरेकोमा कर संकलन गरेको छैन । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## ३७ घर संरक्षण योजना

नर बहादुर बस्याल घर संरक्षण योजनाको लागि रु. २७२२९७।५ को लागत अनुमान गरी गाउँपालिकाले रु. २५००००/- र उपभोक्ता समितले रु. ३२२९७।५ खर्च व्यहोर्ने गरी लागत इष्टिमेट स्वीकृत गरेको देखिन्छ । वडा नं. ५ को कार्यक्रम एक व्यक्तिको घर संरक्षण गर्ने गरी कार्यक्रम राखु र कार्यान्वयन गर्नु उपयुक्त देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | ३२,२९७ |

## ३८ म्याद ननाघेको पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष तीन कार्यक्रममा तीन निकाय व्यक्ति तथा संस्थालाई रु ७७८५०२ पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २०८०।३।१३ | सेतीखोला ट्रस विज्र विहादी ६ बाच्छाखोला | खुर्कोट यूवा क्लव | १५३११२ |
| २०८०।३।३ | सेतीखोला ट्रस विज्र विहादी ६ बाच्छाखोला | वाच्छाखोला स्टील ट्रस निर्माण उपभोक्ता समिति | ३८८५०२ |
| २०८०।३।११ | जीरो देखि वडा कार्यालयसम्मको मोटरबाटो निर्माण | जीरो देखि वडा कार्यालयसम्मको मोटरबाटो निर्माण | ४००००० |
| | | जम्मा | ७८८५०२ |

## ३९ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई निम्नानुसारको म्याद नाघेको पेश्की रु. ३००००० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु

| पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | रकम |
|---|---|---|---|
| २०७९।११।११ | महिला/किशोरी लक्षित कम्प्यूटर तालिम | का.स चन्द्रकान्त भुसाल | ५०००० |
| २०७९।११।११ | उपाध्यक्षसँग महिला(सीपमूलक तालिम) | का.स चन्द्रकान्त भुसाल | १५०००० |
| २०७९।११।११ | किशोरीलाई आत्मरक्षक प्रजनन् प्रशिक्षण तालिम | का.स चन्द्रकान्त भुसाल | १००००० |
| | | जम्मा | ३००००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,००,००० |

## ४० शिविर खर्च

भौ.नं.२७२।२०७९।१२।८ बाट गाउँपालिकामा जि.स.स.का अतिथी र स्वास्थ्य शिविर राख्दा विशेषज्ञ डाक्टरहरु तथा स्वास्थ्यकर्मीहरुको खाजा, खाना, बसाई, यातायात तथा स्टेशनरी लगायतको खर्च रकम होटल व्यवसायी मेघनाथ भुसाललाई रु. ३०३४८१/- भुक्तानी गरेको देखिन्छ । यसरी कार्यालयसँग असम्बन्धित व्यक्तिलाई होटल खाना खाजा बाहेकको रकम भुक्तानी दिएको उपयुक्त देखिएन, यसतर्फ

कार्यालयले ध्यान दिनुपर्छ । यसैगरी उक्त स्वास्थ्य शिविरको प्रयोजन, सहभागी डाक्टरहरु, अतिथिहरु र लाभान्वित विरामीहरुको लगत समेत संलग्न नरहेकोले नियमित गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ३,०३,४८१ |

## ४१ औषधि खरिद

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यस वर्ष पालिकाले १४,४०,००० बजेट उप शिर्षकबाट क्यान्डेला मेडि कन्सर्न फर्मसँग रु १४,३८,१८२.५९ को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ

## ४२ त्रिपाल खरिद

.......(*प्रारम्भिक प्रतिवेदन उपर भरपाई पेश गरेकाले मिति २०८०।१२।०८ गतेको निर्णयले सम्परीक्षण मनासिव देखि फस्योंट गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ४३ न्यानो झोला कार्यक्रम

न्यानो झोला कार्यक्रम- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ६ वटा बर्थिङ सेन्टरमा गत वर्ष न्यानो झोला खरिद नगरेको र यस वर्ष १११ थान को रु. ९९,०८९.७० खरिद गरेकोमा गत वर्ष ६७ जना र यस वर्ष ६८ जना गरी १३५ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको स्वास्थ्य चौकीमा खरिद गरिएका ८३ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको

वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

## ४४ विद्यालय शैक्षिक गुणस्तर सुढृढीकरण

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम पुस्तिका २०७९।०८० को कृयाकलाप नं २.७.१३.१३ मा कार्यसम्पदान मूल्याङ्कन गरी वितगमा कुनै पनि अनुदान नपाएको विद्यालयलाई प्रति विद्यालय रु ५०००० अनुदान दिने उल्लेख छ ।पालिकाले जनचेतना प्रावि, लोकतन्त्र आ वि, रम्भादेवी माता प्रावि, कालिका प्रा वि, सरस्वती प्रा वि लाई जनही रु ५०००० को दरले हुने रकम रु २५०००० वितरण गरेको छ । तोकीएको सूचक पुरा गरेको आधार र कारण पुष्टि हुने कार्यसम्पादन मूल्याङ्कन प्रतिवेदन वेगर रकम भुक्तानट्ठ गरेकाले नियमित मान्न नसकिने भएको हुँदा नियमित गर्नुपर्ने रकम रु

| | |
|---|---|
| अनियमित भएको | २,५०,००० |

## ४५ बढी निकासा

माध्यमिक तहमा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान अनुसार क्रियाकलाप नं २.७.१३.४० माध्यमिक तह कक्षा ९-१० मा दरबन्दी नभएका विद्यालयलाई २ वटा र १ मात्र दरवन्दी भएका विद्यालयको लागि २ वटा शिक्षक राख्न अनुदान दिने व्यवस्था छ । पालिकाले लक्ष्मी भवन मावी वहाकीमा शिक्षकले श्रावण २२ गते रानीनामा दिएको र सोको सट्टा असोज ४ गते नयाँ शिक्षक नियुक्त गरिएकोमा दोस्रो त्रैमासिक माग फारम पठाउँदा विद्यालयले पहिले त्रैमासिकमा छुटेको तलव रु र दोस्रो त्रैमासिकको तलव गरी रु ३०५००३ विद्यालयको खातामा निकासा गरेको छ ।दोस्रो त्रैमासिकमा रु ३७९९० ले हुने २ जना शिक्षकको ३ महिनाको रु २२७९४० र पहिलो त्रैमासमा श्रवणको २१ दिनको र असोजको २८ दिन गरी छुटको रकम रु ६२०५० गरी कूल रु २८९९९० माग गर्नुपर्नेमा रु ३०५००३ निकासा दिएकाले बढी निकासा भएको रकम रु १५०१२ सम्बन्धित विद्यालयबाट असुल गरी संघीय संचित कोषमा जम्मा गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,०१२ |

## ४६ विद्यालय भौतिक पूर्वाधार निर्माण

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्र निर्देशन प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु १ करोड पचास लाख निकासा भएको छ । तर विद्यालय

निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने र

| क सं | विद्यालयको नाम | निकासा प्रयोजन | निकासा रु. |
|---|---|---|---|
| 2 | श्री रानीपानी आ वि | ४ कोठे भवन निर्माण | ५००००० |
| 3 | श्री जनता आ वि | ४ कोठे भवन निर्माण | ५००००० |
| | | जम्मा | १०००००० |

......**(प्रारम्भिक प्रतिवेदन उपर मिति २०८०-१२-९ मा श्री आम्बारी आ वि को २,५००,००० तथा जनचेताना प्रा वि को २,५००,००० गरी कूल रु ५०००००० सम्परीक्षण मनासिब देखि मिति २०८०।१२।९ गतेको निर्णय अनुसार सम्परीक्षण मनासिव देखि फर्स्यौट गरिएको)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००,००० |

## ४७ शिक्षक दरवन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसारको अनुसूची ५ मा रहेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ४७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ४८ सामुदायिक सिकाई केन्द्र

शिक्षा विकास तथा समन्वय केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिकाको कम्पोनेन्ट २.७.१३.११ को शैक्षिक पहुँच सनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमको वुँदा नं ६.७ को ५ मा स्थानीय तहले सामुदायिक सिकाई केन्द्रहरुको स्थलगत निरिक्षण गरी लेखा परीक्षण समेत गराई प्रतिवेदन पेश गरेको आधारमा सामुदायिक सिकाई केन्द्रलाई वढीमा २ लाख सम्म अनुदान दिने व्यवस्था छ । पालिकाले विगत ८ वर्षदेखि वार्षिक लेखापरीक्षण नगराएको केन्द्रलाई कार्यक्रम कार्यान्वयन पुस्तिका विपरित हुने गरी तालिम संचालन गर्न गो भै नं २७१।२०८०।३।२४ बाट रु ११७६७८ भुक्तानी भएकाले अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,१७,६७८ |

## ४९ पोखरा सेनिटरी प्रोडक्स

सार्वजनिक खरिद नियमावली २०६४ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ साथै नियमावलीको नियम ११ मा मालसामानको स्पेशिफिकेशनको अधीनमा रही लागत अनुमानतयार गर्नु पर्ने उल्लेख छ । कार्यालयले नियमावली बमोजिम लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गरेको देखिएन ।पालिकाले लागत अनुमान तयार गरी स्वीकृत गरेर खरिद गर्नुपर्दछ ।सो सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

कसेनिटरी प्याड ( वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को अनुसूची १ मा स्थानीय तहले शैक्षिक सूचना प्रणालीमा तथ्याङ्कसँग भिडाई ph value 6-8.5, 240 mm length ,60 to 70 mm width and 15 mm thickness को गुणस्तर र मापदण्डको आधारमा खरिद गर्नु पर्ने उल्लेख छ ।पालिकाले गोभै नं ७२ मिति २०७९।११।०३ बाट ८१९ छात्रालाई ६८०० पाकेट सेनिटरी प्याड रु ११५ प्रति पाकेटमा पोखरा सेनिटरी प्रोडक्सबाट खरिद गरी रु ७४४६३० भुक्तानी गरेको छ ।आपुर्तिकर्ताले पेश गरेको कोटेशनमा २४० एम एम को प्याड प्रति पाकेट रु ९० उल्लेख गरेकोमा सोभन्दा माथिल्लो स्पेशिफिकेशन २९० एम एम प्रति पाकेट मू अ कर सहित रु ११५मा खरिद गरेको छ ।तसर्थ पालिकाले तोकिएको स्पेशिफिकेशन भन्दा फरक पारी खरिद गर्दा प्रति पाकेट रु २५ वढी दरमा खरिद गरी ६८०० पाकेटको रु १७०००० पालिकालाई थप व्ययभार परेकाले नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,७०,००० |

## ५० स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ८१९ जना रहेका छन। पालिकाले पोखरा स्यानीटरी प्रोडक्स स्यानिटरी प्याड रु ७,८२,००० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

## ५१ प्लाष्टिक टनेल

१०।०८०।३।२४ मा घिमिरे प्लाष्टिक पसललाई ९६ थान प्लाष्टिक टनेलवापत रु.६,२७,६७०.८४ भुक्तानी दिएको छ। आ.व २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार टनेलमा ७५ प्रतिशत अनुदान कार्यक्रममा प्लाष्टिक टनेल वितरण गर्न खरिद गरिएको प्लाष्टिक टनेल मध्ये ८ थानको मात्रै वितरण विवरण संलग्न गरिएको छ। खरिद गरिएका टनेलहरु १२ पिस अझै स्टोरमै बाँकी रहेको देखिन्छ । ७६ थान प्लाष्टिक टनेल वडामा रहेको जानकारी दिएतापनि प्रयोगको पुष्टयाईं गरेको छैन । सामाग्रीहरु खरिद गर्दा मागमा आधारित र यथार्थमा आधारित भएर योजना बनाइ खरिद गर्नु जरुरी देखिन्छ। यसरी

बाँडिएको प्लाष्टिक टनेलको वितरण विवरण र वितरण पछिको अनुगमन गरेको नदेखिएकोले प्राविधिक पुष्ट्याई सहितको अनुगमन प्रतिवेदन प्राप्त गर्नुपर्ने रु. ६२७६७०/८४

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२७,६७०.८४ |

## ५२ विउ विजन वितरण

बजेट खर्च गर्दा स्वीकृत विल भरपाईको आधारमा खर्च गर्नुपर्दछ ।भै.नं.११।०८०।३।२४ मा सन्तोष कृषि तथा पशुपंक्षी फर्मलाई सुन्तला, कागती, आँप र लिचीका विरुवा खरिद वापत रु. १४७७५०/- भुक्तानी गरिएको छ। बर्षे फलफुल विरुवा ७५ प्रतिशत अनुदानमा वितरण कार्यक्रम अन्तर्गत खरिद गरिएका सुन्तलाका विरुवा १००० थान, कागती बेर्ना १४५० थान, आँप कलमी बेर्ना ६५० थान, लिचि बेर्ना ६६० थानको वितरण विवरण संलग्न राखेको पाइएन । उपरोक्त विरुवाहरु कतिपय कार्यालय परिसरमै र कतिपय वडा कार्यालय भवन परिसरमै सुकेको अवस्थामा देखिएकोले कार्यक्रम उपलब्धिमूलक मान्न सकिएन। यसरी बाँडिएको विरुवाको वितरण विवरण र वितरण पछिको अनुगमन समेत पेश बेगरको खर्च नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,४७,७५० |

## ५३ विऊ वितरण भरपाई

....(*प्रारम्भिक प्रतिवदेन उपर मिति २०८०-१२-८ मा अमृत शर्मा को ५२,५०० सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ५४ सामाजिक सुरक्षा भत्ता वितरणमा खाना खाजा खर्च

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १४ मा स्थानीय तहले प्रणालीमा प्रविष्टि गरेको लाभग्राहीको अद्यावधिक विवरणको आधारमा सामाजिक सुरक्षा बैंकमार्फत नै वितरण गर्ने र सामाजिक सुरक्षा भत्ता बाहेक अन्य कार्यमा खर्च गर्न नपाउने उल्लेख छ । पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणमा शिविर संचालन गरी चिया, खाजा, यातायातमा रु. ४१५७१५/- खर्च गरेको छ । शिविर संचालन गर्न आवश्यक भए वर्षमा १/२ पटक गरी भत्ता वितरण गर्नुपर्नेमा नियमित रुपमा शिविर संचालनमा चिया, खाजा, खाना खर्च गरेको देखियो । वैंकिङ प्रणाली मार्फत भत्ता वितरण गरेको अवस्थामा सोही प्रयोजनमा यातायात, खाना खाजा खर्च गर्नु नियमित नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,१५,७१५ |

## ५५ परामर्श तथा डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि संभाव्यता अध्ययन गर्न ग्लोबल सोसाईटी नेपाल प्रा लि लाई रु ७८५९१५ भुक्तानी प्रदान गरी प्रतिवेदन प्राप्त गरको छ ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

## ५६ कृषक अनुदान

स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यक्रम संचालन हुनुपर्दछ ।भै.नं. १७४।२०७९।१२।२१ वडा नं. २ बर्राचौरमा रहेको गिरी प्रदेश कृषि तथा पशुपन्छी कार्यमा १०० वटा बाख्रापालन गरेकोले ५० प्रतिशत अनुदानमा १ वटा वोयर जात (९३ प्रतिशत) को व्याडे बोला खरिद वापत उक्त फर्मलाई रु. २०९०५६० मध्ये रु. १,४०,०००/- भुक्तानी गरेको छ । उक्त बोकामा दिएको अनुदानबाट बाख्रापालक कृषकहरुलाई पुगेको लाभ बारे प्राविधिक प्रतिवेदन समेत पेश नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,४०,००० |

## ५७ उद्यमशिलता विकास तालिम

गरिवी निवारणको लागि लघु उद्यम कार्यक्रम संचालन निर्देशिका २०७७ को दफा २२ मा नयाँ उद्यमी सिर्जना कार्यक्रम संचालन गर्ने बजार, स्रोत तथा सम्भाव्यता अध्ययन, घरधुरी सर्वेक्षण, समूह निर्माण जस्ता पक्षको ध्यान दिएर मात्र लक्षित वर्गको छनौट गर्नुपर्ने उल्लेख छ । पालिकाबाट गोभै नं २०० मिति २०८०।३।१३ बाट लघु उद्यम सहजकर्ता संगिता राजवंशीलाई उद्यमशीलता तालिम कार्यक्रम संचालन गरेबापत रु १८१०४० भुक्तानी गरेको छ ।नयाँ उद्यमी सिर्जना गर्न अनुसूची ११ को फारम E,F,G1,G2 भरी विश्लेषण गरी बजार, प्रविधि तथा वातावरण सम्भाव्यता पहिचान प्रतिवेदन तयार गरि लक्षित वर्गको छनौट गर्नुपर्नेमा सो वेगर नै छनौट गरेकोले खर्च नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,८१,०४० |

## ५८ प्रविधि हस्तान्तरण

गरिवी निवारणको लागि लघु उद्यम कार्यक्रम मेडमा को दफा ४० मा प्रविधि हस्तान्तरण गर्दा सहजकर्ताको सिफारिसमा उद्यमको प्रकृति हेरी व्यवसायिक योजना अनुसार लक्षित वर्गलाई मध्यनजर गरी शाखाले लघु उद्यमीलाई प्रविधि हस्तान्तरण गर्न व्यवस्था गरेको छ ।पालिकाले लघु उद्यम कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तरण गर्दा विगतमा सीप विकास तालिम प्राप्त गरेको, लघु उद्यम संचालन गरिरहेको जस्ता पक्षलाई विचार गरी प्रोफाइल तयार गरी लघु उद्यम सहजकर्ताको सिफारिसको आधारमा लक्षित वर्गलाई प्रविधि हस्तान्तरण गर्नुपर्नेमा पालिकाले सो गरेको पाइएन ।कार्यविधिको व्यवस्था पालना गर्नु तर्फ ध्यान दिनुपर्दछ ।

## ५९ सफ्टवेयर खरिद

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी रु १५,९४,१५० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ

## ६० प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा २९ योजना सञ्चालन गरी यस वर्ष २१४ जनालाई औसत २७ दिनले ५७२२ दिन रोजगारी उपलव्ध गराई रु ३६,६२,०८०/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## ६१ जिन्सी निरीक्षण वापत भत्ता

.

✍ ....(*प्रारम्भिक प्रतिवेदन उपर मिति २०८०-१२-९ मा जिन्सी निरीक्षण भत्ता बापत रकम असुल भएकाले सम्परीक्षण मनासिव देखि रु २५२०० फस्यौट गरिएको* **)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ६२ यातायात भत्ता

✍ ...**(प्रारम्भिक प्रतिवेदन उपर मिति २०८०।१२।९ मा रु १७६०० सम्परीक्षण मनासिव देखि फस्यौट गरिएको)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६३ **कार्यालयमै रही दैनिक भ्रमण भत्ता बुझेको**

**....(प्रारम्भिक प्रतिवेदन उपर मिति २०८०-१२-९ गते रु १२,६०० रकम असुल भएकाले सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६४ **दै.भ्र.भत्ता बढी भुक्तानी**

भौ.नं. १५ मिति २०७९।६।७ बाट पोखराबाट गाउँपालिका कार्यालयमा सरुवा भइ आउनु भएका प्रमुख प्रशासकीय अधिकृत सुवोध बाबु पौडेललाई रु. २२५००/- दैनिक भ्रमण भत्ता भुक्तानी गरेकोमा स्याङ्जादेखि विहादी ट्याक्सी भाडा परिवार सहित रु. ५०००/- (१०००*५) र फुटकर वापत २५००/- (५००*५) भुक्तानी गरेकोमा ५ जनाको परिवार समेत एउटै ट्याक्सीमा आउन सकिने र फुटकरवापत एकजनाले मात्रै पाउनेमा अलग अलग प्रयोग गरेकोले बढी भुक्तानी असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

६५ **नमिल्ने भुक्तानी**

***....(प्रारम्भिक प्रतिवेदन उपर मिति २०८०-१२-९ गते ४,३०० असुल भएकाले सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६६ **प्राविधिक पुष्टयाई**

निर्माण, मर्मतको प्राविधिक पुष्ट्याई हुनुपर्दछ । निम्नानुसार विद्यालयहरुलाई विपदको रकम भुक्तानी गर्दा डोर हाजिरको आधारमा भुक्तानी गर्ने तोकादेश गरेको देखिन्छ । माटो खन्ने पुर्ने कामको लागि प्राविधिक मूल्यांकनको आधारमा खर्च लेख्नुपर्नेमा सो बगर खर्च लेखेको नियमित नभएको रु.

| गो.भौ.नं. र मिति | विद्यालयको नाम | काम | भुक्तानी रकम |
|---|---|---|---|
| ८।०७९।९।२१ | वालज्योति प्रा.वि. | माटो खन्ने पुर्ने | ६७०००/- |
| ९।०७९।९।२५ | | माटो खन्ने पुर्ने | २०००००/- |
| | जम्मा | | २६७००० |

| | |
|---|---|
| अनियमित भएको | २,६७,००० |

### ६७ बढी भुक्तानी

....( *प्रारम्भिक प्रतिवेदन उपर मिति २०८०-१२-९ गते रु ५,७०० असुलउपर भएकाले सम्परीक्षण मनासिब देखि फस्योँट गरिएको)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

### ६८ घटी अवधिको कार्य सम्पादन जमानत

....(*प्रारम्भिक प्रतिवेदन उपर मिति २०८०।१२।८ गते कार्यसम्पादन जमानतको म्याद थप गरेको प्रमाण पेश गरेकाले फस्यौट गरिएको)*

### ६९ कार्यसम्पादन मूल्यांकन पुनरावलोकन समिति बैठक भत्ता

....( *प्रारम्भिक प्रतिवेदन उपर मिति २०८०।१२।८ गते रु २५५०० रकम असुल भएकाले सम्परीक्षण मनासिव देखि फस्यौट गरिएको ।)*

| | |
|---|---|
| *असुल गर्नुपर्ने* | *०* |

### ७० कर तथा शुल्क असुली

कर तथा शुल्क असुली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १०० | ९० | ९० |
| घरजग्गा वहाल कर | ३५०००० | ३४५९०७.९६ | ९८.८३ |
| व्यवसाय कर | १४०००० | १२२२७३.३६ | ८७.३४ |
| वहाल विरौटी शुल्क | ४००० | ४००० | १०० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

## ७१ आन्तरिक आम्दानी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २७७००७२४९.०७ | २०२७८८५.६२ | ०.७३% |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.७३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ७२ बढी मू.अ.कर भुक्तानी

निम्नानुसार भौचर नम्बर तथा मितिबाट उपभोक्ता समितिमार्फत गरेको काममा मूल्य अभिवृद्धि कर लाग्ने सामग्री खरिद गर्दा उपभोक्ताले तिरेको मूल्य अभिवृद्धि कर रकमको सोधभर्ना कार्यालयले गरेको छ । खरिदमा उपभोक्ता समितिले तिरेको मुल्य अभिवृद्धि कर भन्दा नर्मस एवं कार्य परिमाणको आधारमा सोधभर्ना गर्नुपर्नेमा सो नगरी बढी भुक्तानी गरेको देखिएकाले असूल हुनुपर्ने तथा यस सम्बन्धि विस्तृत विवरण अनुसूची ७ मा रहेको छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७६,५९०.१ |

**(विस्तृत विवरण बेरूजु दफा ७२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ७३ उपभोक्ता समितिबाट डोजर प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिकाले निम्नानुसारका कार्यहरुमा डोजर प्रयोग गरी उपभोक्ता समितिबाट कार्य गराएकोमा सार्वजनिक निकायबाट डोजर प्रयोगको स्वीकृति समेत लिएको देखिएन ।तसर्थ, सार्वजनिक खरिद नियमावलीको परिपालन हुनुपर्दछ ।

| गो.भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | डोजर प्रयोगको बिल भुक्तानी |
|---|---|---|---|
| ५७।०७९।१०।२५ | शालीग्राम वडा नं. ६ को वडाका मोटरबाटो सरसफाई उपभोक्ता समिति | ५२४००० | ५२४३९८ |
| ५८।०७९।१०।२५ | बाटो सरसफाई तथा स्तरोन्नति उपभोक्ता समिति | १२४३००० | १२४३००० |
| ५९।०७९।१०।२५ | बाटो सरसफाई तथा स्तरोन्नति उपभोक्ता समिति | ४००००० | ३५३९९९ |
| ६०।०७९।१०।२५ | शाखा मोटरबाटोहरु मर्मत तथा सरसफाई योजना उपभोक्ता समिति | १०८४७०० | १०८५३९७ |

७४ **प्राविधिक विल**

मिथलाङ्ग काभाङ्ग देउराली वाहाकी भन्ज्याङ्ग उरामपोखरा सडक स्तरोन्तरी कार्यको Abstract of cost (MB) मा रु. ७७,२३,०४२/५० को प्राविधिक विल उठेको देखिन्छ। पुनः सोही काममा रु. ९५,४३,४१४/७१ को विल पेश गरेको देखिन्छ । गाउँपालिकाले दुई वटा प्राविधिक मुल्याङ्कन तयार गरेको देखियो । कार्यालय प्रमुखले रु. ७७,२३,०४२/५० मा उपभोक्ताको अंश रु. ८,२५,५९३/२४ कटाई रु. ६८,९७,४४९/२६ को ५० प्रतिशतले रु. ३४,४८,७२४/६३ मात्र प्रदेश सरकार हस्तान्तरित कार्यक्रमबाट खर्च लेखु पर्नेमा रु. ४४९०,०००/- खर्च लेखेकोले बढि रु. १०,४१,२७५/३७ खर्च गरेको देखियो यसरी २ वटा प्राविधिक विल तयार भएको र खर्च लेखांकन गरेको सम्बन्धमा पुनःमूल्याङ्कन गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,४१,२७५ |

७५ **पालिकाको स्वामित्वमा रहने संरचना उपभोक्ता समिति मार्फत गराएको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम निर्माण पश्चातको स्वामित्व ग्रहण हुने मर्मत सम्भारको जिम्मा लाभग्राही समुदायले लिने कार्यमा उपभोक्ता समिति मार्फत कार्य गराउन सकीनेमा स्वामित्व हस्तान्तरण उपभोक्ता समितिलाइ नहुने एवं गर्न नसकिने निर्माण कार्य सम्पन्न भएपछी आवधिक रुपमा गरिने मर्मत सम्भारको काम उपभोक्ता समितिले नगर्ने वा गर्नुपरेमा थप खर्च पालिकाले व्यहोर्नु पर्ने अबस्थामा देहाय बमोजिम मर्मतका कार्यहरु समेत उपभोक्ता समिति मार्फत गराएकोले खर्च नियमित नदेखिएको रु.

| भौचर नं. र मिति | योजनाको नाम | लागत अनुमान | गाउँपालिका |
|---|---|---|---|
| २६४।०८०।२।३ | वडा नं. २ को वडा कार्यालयमा बरण्डा र उपभोक्ता समिति निर्माण | ४१५४३८ | ३८०००० |

| | | | |
|---|---|---|---|
| २८४।०८०।२।१६ | वडा नं. ६ वडा कार्यालय मर्मत | ६३३३६८ | ६००००० |
| ३५६।०८०।३।७ | सभाहलको शौचालय तथा वाथरुम मर्मत | ३०६३४२ | २९०००० |
| ४०२।०८०।३।१७ | २४ घण्टे प्रसूति एकाई तथा सामुदायिक भवन निर्माण | ३२१५८९ | ३००००० |
| ४५५।०८०।३।२२ | १ नं. वडा कार्यालयको च्यानल गेट निर्माण उपभोक्ता समिति | १६५५३८ | ५००००० |
| ४७०।०८०।३।२३ | स्वास्थ्य चौकी प्रसुति कक्ष निर्माण उपभोक्ता समिति | १००६९५४ | ५०३४७६ |
| | | | २५७३४७६ |

| | |
|---|---|
| अनियमित भएको | २५,७३,४७६ |

७६ **खरिद सम्झौता वेगर खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सार्वजनिक निकायले मालसामान वा अन्य सेवा खरिद गर्दा खरिद सम्झौता गरी खरिद गर्नुपर्ने व्यवस्था उल्लेख छ ।गोभौ नं. ६७ मिति २०७९।१०।२४ बाट पालिकाले अत्यावश्यक आयुर्वेदिक औषधि खरिद गर्दा नरोत्तम आयुर्वेद डिष्ट्रिव्यूटर्सबाट खरिद गरेकोमा सोवापत कर कट्टा गरी रु ५२३३१० भुक्तानी दिएको छ ।खरिद गर्दा तोकिएको ढाँचामा खरिद सम्झौता वेगर औषधि खरिद भएको देखिएकोले माग गरिएकै औषधि खरिद भई जिन्सी दाखिला भए नभएको आश्वशतता हुन सकिएन।तसर्थ अनियमित कारोवार नियमित गर्नपर्ने रु ५२३३१०

| | |
|---|---|
| अनियमित भएको | ५,२३,३१० |

७७ **आय ठेक्का**

आय ठेक्काः नदिजन्य पदार्थको गिट्टी, ढुंगा, बालुवा बिक्रीको लागि निम्न परिमाणको उत्खनन परिमाण तोकि ठेक्का, आह्वान गर्न सूचना प्रकाशन गरेको देखिन्छ।

| ठेक्का नं. | बगर तथा नदी क्षेत्र | उत्खनन हुने अधिकतम परिमाण (घ.मि.) | न्यूनतम कबोल रकम (कर बाहेक) | सूचना प्रकाशन |
|---|---|---|---|---|
| ०१।०७९।०८० | गाइथुने बगर वडा नं. १ | ४२५ | १०५०६९ | प्रथम पटकः २०७९।५।२८ |
| ०२।०७९।०८० | हुर्लाङ बगर वडा नं. १ | ४५१४ | १११५९५० | दोस्रो पटकः २०७९।६।२७ |
| ०३।०७९।०८० | पिपलपाटा वडा नं. २ | १४२६ | ३५२४०५ | |

| | | | | |
|---|---|---|---|---|
| ०४।०७९।०८० | छ्याग कुमालगाउँ बगर वडा नं. ३ | १३८६ | ३४२६१६ | |
| ०५।०७९।०८० | जिगलिंग बगर वडा नं. ६ | १३८६ | ३४२६१६ | |
| ०६।०७९।०८० | गोलाङ वडा नं. ६ | ५७०२ | १४०९६२२ | |
| | **जम्मा** | **१४८३९** | **३६६८२७९** | |

७७.१ तेस्रो पटक सूचना प्रकाशन २०७९।९।६ मा भएकोमा देखिएका व्यहोरा देहायअनुसार छन्:

| ठेक्का नं. | बगर तथा नदी क्षेत्र | उत्खनन हुने अधिकतम परिमाण (घ.मि.) | न्यूनतम कबोल रकम | २५ प्रतिशत छुट सहितको कबोल रकम (कर बाहेक) | फरक रकम |
|---|---|---|---|---|---|
| ०१।०७९।०८० | गाइथुने बगर वडा नं. १ | ४२५ | १०५०६९ | ७८८०१।७५ | २६२६७।२५ |
| ०२।०७९।०८० | हुर्लाङ बगर वडा नं. १ | ४५१४ | १११५९५० | ८३६९६३।२५ | २७८९८६।७५ |
| ०४।०७९।०८० | छ्याग कुमालगाउँ बगर वडा नं. ३ | १३८६ | ३४२६१६ | २५६९६२ | ८५६५४ |
| ०५।०७९।०८० | जिगलिंग बगर वडा नं. ६ | १३८६ | ३४२६१६ | २५६९६२ | ८५६५४ |
| ०६।०७९।०८० | गोलाङ वडा नं. ६ | ५७०२ | १४०९६२२ | १०५७२१६।५० | ३५२४०५।५० |
| | जम्मा | १३४१३ | ३३१५८७४ | २४८६९०५।५० | ८२८९६७।५० |

उपरोक्त अनुसार गण्डकी प्रदेश आर्थिक ऐन २०७९ ले प्रति घन फिट रु ७ दर कायम गरेकोले १३४१३ घ.मि. अर्थात ४७३२१०।६४ घ. फिटको प्रति घ.फिट रु ७/- का दरले हुने रु ३३१२४७४।४८ मा ठेक्का बन्दोबस्त नगरी रु. २४८६९०५/- मा ठेक्का लगाएकोले रु ८२५९६९।४८ घटि राजश्व प्राप्त हुने गरी निर्णय गरी सूचना प्रकाशन गर्नु नियमित देखिएन ।यसरी प्रदेश आर्थिक ऐनले तोकेको भन्दा कम दर कायम हुने गरी सूचना निकाल्ने गरी निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार बनाइनु पर्दछ ।

७७.२ आय ठेक्का नं ३।०७९।०८० को सम्बन्धमाः पिपलपाटा वगर, वडा नं २ मा आय ठेक्का .बन्दोवस्त गर्ने दोश्रो पटकको सूचना अनुसार उत्खनन् हुने अधिकतम परिमाण १४२६ घ.मी. को न्यूनतम कबोल अङ्क रु ३५२४१० कायम गरि एकमुष्ट बुझाएमा ५ प्रतिशत छुट दिने सूचना अनुसार सकारकर्ता पासाङ निर्माण सेवाले रु ३३४७९० मा सकार गरेको देखिन्छ । कबोल रकम, सोको मूल्य अभिवृद्धि कर र अग्रीम कर समेत रु ३८३३३४।५५ पालिकामा बुझाएकोमा सकार रकमको अग्रीम कर रु ५२८६।१५ स्थानिय संचित कोषबाट राजस्व दाखिला हुनुपर्ने रु ५२८६।१५

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,२८६ |

७७.३ आय ठेक्का नं ४।०७९।०८० को सम्बन्धमाः छयाङ्ग कुमालगाँउ वगरको गिट्टी ढुङ्गा बालुवा उत्खनन तथा विक्री वितरण गर्न उत्खन्न हुने अधिकतम परिमाण १३८६ घ.मी. को प्रदेश आर्थिक ऐन अनुसार प्रति घ.फिट रु ७ का दरले हुने रु ३४२२८६।५६ न्यूनतम कवुल अङ्क कायम गरि ठेक्का आव्हान गर्नुपर्नमा २५ प्रतिशत न्यूनतम मूल्य घटाई रु २५६९६२ कायम गरी सोही अङ्कमा एकमुष्ट वुझाएमा अर्को ५ प्रतिशत छुट दिई रु २४४१५० मा सकारकर्ता अग्रगमन कन्सट्रक्सन को ठेक्का स्वीकृत गरेको देखिन्छ ।सकारकर्ताले सकार रकम, मू अ कर र अग्रीम कर समेत रु २८१४०९।४९ स्थानीय संचित कोषमा दाखिला गरेको मध्ये मू अ कर रु १६६५।५६ र अग्रीम कर रु ३८५४।४३ सम्बन्धित राजस्व खातामा दाखिला घटि गरेकोले राजस्व दाखिला गर्नुपर्ने रु ५५२०।००

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,५२० |

७७.४ घटि आयः प्रदेश सरकारबाट पारित प्रदेश आर्थिक ऐनले प्रति घन फिट रु. ७/- गिट्टी, ढुङ्गा, वालुवाको न्यूनतम शुल्क असुल गर्नुपर्ने उल्लेख छ । पालिकाले १३८६ घ.मि. अर्थात ४८८९८ घ फिको रु. ३४२२८६/५६ न्युनतम मुल्य राखी असुल गर्नुपर्नेमा न्यूनतम मुल्यमा २५ प्रतिशत घटाई रु. २५६९६२/- मूल्य कायम गरेको र सकारकर्ताले कबोल रकम एकमुष्ट बुझाएमा ५ प्रतिशत छुट दिने सूचनामा उल्लेख गरी रु. २४४१५०/- असुल गरेकोले प्रदेश आर्थिक ऐनले तोकेको भन्दा ३० प्रतिशत(२५ प्रतिशत+ ५प्रतिशत) घटी मुल्याङ्कन गरेवाट आर्थिक ऐनले तोकेको भन्दा रु१०२६८५।९६ घटी भएको रकम असुल गर्नुपर्ने रु. १०२६८५।९६

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०२,६८५ |

७७.५ घटि असूलीः गण्डकी प्रदेश आर्थिक ऐनले तोकेको भन्दा ५ प्रतिशत छुट गरि सूचनामा उल्लेख गरि घटि शुल्क लिएको दखिँदा, प्रवेश आर्थिक ऐनले तोकेभन्दा १४२६ घ.मी. को न्यूनतम मूल्य रु ३५२१६४।९६ हुनुपर्नेमा छुट दिई रु ३३४७९० मात्र असूल गरेकोले घटि असूल गरेको रु १७३७४।९६ स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु १७३७४।९६

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,३४४ |

## ७८ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

• उपभोक्ता समिति दर्ता नहुने गरेको जटिल संरचना निर्माणको काम उपभोक्ता समितिले गरेको कानुनको सीमाभन्दा बढी रकमको काम गरेको सम्झौतामा उल्लेख भएको उपभोक्ताको अंश भन्दा कम कट्टा नगरेको उपभोक्ता समितिको काममा निर्माण व्यवसायीको संलग्नता रहेको स्वीकृती वेगर उपभोक्ता समितिले इक्वीपमेन्ट मेशीनहरुको प्रयोग गरेको निर्माण कार्यको गुणस्तर परीक्षण नगरेको जस्ता व्यहोराहरु देखिएका छन ।

## ७९ ठेक्का अभिलेख

1 सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## ८० खर्चको लेखांकन

प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम प्रदेश समपुरक अनुदानमा प्रदेश सरकार हस्तान्तरित कार्यक्रमबाट ५० प्रतिशत र गाउँपालिकाले ५० प्रतिशतको आधारमा रकम खर्च गर्नुपर्ने उल्लेख गरेकोले मिथ्लाङ काभ्राङ देउराली वहाकी भञ्याङ उरामपोखरा सडक स्तरोन्नति उपभोक्ता समितिलाई निम्नानुसार भुक्तानी गरेको देखियो । समान अनुपातमा खर्च गर्नुपर्नेमा प्रदेश सरकारतर्फ बढी खर्च लेखांकन गरी प्रदेशमा कम बचत देखाएकोले अनुपात मिलाई यकिन गरी बाँकी फिर्ता गर्नुपर्दछ ।

| भौ.नं. | विवरण | खर्च लेखाङ्कन रकम | प्रदेश तर्फ | वढी लेखाङ्कन |
|---|---|---|---|---|
| ८।०८०।३।२४ | प्रदेश हस्तान्तरित कार्यक्रम | ४४९०००० | ३४४८७२४.६३ | १०४१२७५.३७ |
| ४९१।०८०।३।२४ | गाउँपालिकातर्फ | २४०७४४९.२६ | ३४४८७२४.६३ | १०४१२७५.३७ |

उपरोक्त अनुसार कूल खर्च लेखांकनमा रु. ६८९७४४९.२६ को ५० प्रतिशतले हुने रु. ३४४८७२४.६३ मात्र प्रदेश तर्फ खर्च देखाउनु पर्नेमा रु. ४४९००००/- खर्च लेखांकन गरेबाट रु. ११४१२७५ प्रदेश सरकारतर्फ बढी खर्च लेखांकन गरेको देखियो । अनुपात मिलाई बाँकी रकम फिर्ता गर्नुपर्दछ ।

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: विहादी गाउँपालिका, पर्वत , विहादी गाउँपालिका , पर्वत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Hari Prasad Bhusal | २०८०-११-२ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | राम प्रसाद शर्मा कंडेल | २०८०-२-१ | २०८०-७-१३ |
| कार्यालय प्रमुख | चूर्ण बहादुर कार्की | २०७९-९-११ | २०८०-१-२१ |
| कार्यालय प्रमुख | Dhrub Dayal | २०७७-५-३१ | २०७९-४-२५ |
| कार्यालय प्रमुख | सुबोध बाबु पौडेल | २०७९-५-१० | २०७९-६-८ |
| लेखा प्रमुख | सुरेन्द्र पोखरेल | २०८०-११-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अर्जुन रिजाल | २०७६-८-१६ | २०८०-११-११ |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८३९,७३८.१ | ७,०५७,३३५ | १७,४६०,४४५.८४ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २५,३५७,५१८.९४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ५,६९५,४०० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १९,६६२,११८.९४ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ८१५०५९०४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २९९७३३२३४ | **चालु खर्च** | २५८४२८०४९ |
| **प्रदेश सरकारबाट अनुदान** | १४९९५५६७ | **पूँजीगत खर्च** | १३५२९३७६८ |
| **राजश्व बाँडफाँट** | ५३४१६६२६ | **वित्तीय/अन्य व्यवस्था** | ८५०७४१९९ |
| **आन्तरिक आय** | ९८९१४३८.० | | |
| **अन्य आय** | ८२२१७९४३ | | |
| **कुल आय** | ४६०२५४८०८ | **कुल खर्च** | ४७८७९६०१६ |
| **बाँकी मौज्दात** | | ६२९६४६९६ | |

**बेरूजु दफा ४.१ सँग सम्बन्धित विवरण - अनुसूची -२**

| विवरण | टिप्पणी | यस वर्ष रु. | गतवर्ष रु. |
|---|---|---|---|

| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती (क+ख) | | ५०,०७,०९,०९८.२२ | ३८,३२,१८,२१७.०३ | | ३८,३२,१८,२१७.०३ | ३८,४९,९३,७८८.५२ | | ३८,४९,९३,७८८.५२ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४८,९३,२३,०००.०० | ३७,८०,३६,८६८.८६ | ० | ३७,८०,३६,८६८.८६ | ३८,२०,१०,८७८.५२ | ० | ३८,२०,१०,८७८.५२ |
| ११००० कर | ११ | ६,५०,९३,१००.०० | ५,४२,३८,९९४.२४ | ० | ५,४२,३८,९९४.२४ | ४,९२,१४,९१५.२५ | ० | ४,९२,१४,९१५.२५ |
| १३००० अनुदान | | ३५,४९,३७,०००.०० | ३१,६४,८०,४६१.७२ | ० | ३१,६४,८०,४६१.७२ | ३२,५१,९२,०९४.३७ | ० | ३२,५१,९२,०९४.३७ |
| संघीय सरकार | १२ | ३३,२२,१०,०००.०० | २९,९७,३३,२३४.७६ | ० | २९,९७,३३,२३४.७६ | ३०,००,४७,०९३.३९ | ० | ३०,००,४७,०९३.३९ |
| प्रदेश सरकार | १२ | २,०९,२७,०००.०० | १,४९,९५,५६७.५३ | ० | १,४९,९५,५६७.५३ | २,११,४५,०००.९८ | ० | २,११,४५,०००.९८ |
| अन्तरिक श्रोत | | १८,००,०००.०० | १७,५१,६५९.४३ | ० | १७,५१,६५९.४३ | ४०,००,०००.०० | ० | ४०,००,०००.०० |
| १४००० अन्य राजस्व | | ८१,९२,९००.०० | ७२,७३,२४४.९० | ० | ७२,७३,२४४.९० | ७०,४९,९१८.१० | ० | ७०,४९,९१८.१० |
| १५००० विविध प्राप्ति | | १,००,०००.०० | ४४,१६८.०० | ० | ४४,१६८.०० | ५,५३,९५०.८० | ० | ५,५३,९५०.८० |
| ३२००० वित्तीय सम्पत्ति | | ६,१०,००,०००.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,१३,८६,०९८.२२ | ५१,८१,३४८.१७ | | ५१,८१,३४८.१७ | २९,८२,९१०.०० | | २९,८२,९१०.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,१३,८६,०९८.२२ | ३६,७१,९५०.०० | ० | ३६,७१,९५०.०० | ११,५१,३६७.०० | ० | ११,५१,३६७.०० |
| धरौटी | | ० | १५,०९,३९८.१७ | ० | १५,०९,३९८.१७ | १८,३१,५४३.०० | ० | १८,३१,५४३.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५०,०७,०९,०९८.२२ | ४०,१७,५९,४२५.२३ | | ४०,१७,५९,४२५.२३ | ३७,१३,१८,२१४.३१ | | ३७,१३,१८,२१४.३१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४८,९३,२३,०००.०० | ३९,३७,२१,८२१.०६ | | ३९,३७,२१,८२१.०६ | ३६,४२,५०,५२३.९१ | | ३६,४२,५०,५२३.९१ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ५,९२,१७,५५८.०० | ५,२०,३८,८०४.४८ | ० | ५,२०,३८,८०४.४८ | १६,०९,२६,८१४.४४ | ० | १६,०९,२६,८१४.४४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ७,५४,०२,००२.०० | ४,८०,५८,००८.२३ | ० | ४,८०,५८,००८.२३ | ५,५३,६५,५१०.३४ | ० | ५,५३,६५,५१०.३४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २५००० सहायता (Subsidy) | १८ | १२,५९,२७,०००.०० | १२,५५,९९,७८८.०० | ० | १२,५५,९९,७८८.०० | ५२,९७,१२८.०० | ० | ५२,९७,१२८.०० |
| २६००० अनुदान | १८ | ३,३०,१९,०००.०० | २,५३,८८,४१७.१५ | ० | २,५३,८८,४१७.१५ | ४४,५२,४७१.०० | ० | ४४,५२,४७१.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ७०,२६,४४०.०० | ६०,६६,११७.५९ | ० | ६०,६६,११७.५९ | २७,९८,९५८.०० | ० | २७,९८,९५८.०० |
| २८००० अन्य खर्च | १८ | १५,३६,०००.०० | १२,७६,९००.०० | ० | १२,७६,९००.०० | ८,९०,१०२.०० | ० | ८,९०,१०२.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १८,७१,९५,०००.०० | १३,५२,९३,७८५.६१ | ० | १३,५२,९३,७८५.६१ | १३,४५,१९,५४०.१३ | ० | १३,४५,१९,५४०.१३ |
| घ. अन्य भूक्तानी | | १,१३,८६,०९८.२२ | ८०,३७,६०४.१७ | | ८०,३७,६०४.१७ | ३७,१३,१८,२१४.३१ | | ३७,१३,१८,२१४.३१ |
| कोषहरु | | १,१३,८६,०९८.२२ | ५६,७९,५७२.७२ | ० | ५६,७९,५७२.७२ | ४९,९२,५७५.२२ | ० | ४९,९२,५७५.२२ |
| धरौटी | | ० | २३,५८,०३१.४५ | ० | २३,५८,०३१.४५ | २०,७५,११५.१८ | ० | २०,७५,११५.१८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | (१,८५,४१,२०८.२०) | | (१,८५,४१,२०८.२०) | १,३६,७५,५७४.२१ | | १,३६,७५,५७४.२१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ८,१५,०५,९०४.७१ | | ८,१५,०५,९०४.७१ | ६,७८,३०,३३०.५० | | ६,७८,३०,३३०.५० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ६,२९,६४,६९६.५१ | | ६,२९,६४,६९६.५१ | ८,१५,०५,९०४.७१ | | ८,१५,०५,९०४.७१ |

## बेरूजु दफा १६ सँग सम्बन्धित विवरण - अनुसूची -३

| गो.भौ.नं. | सहायता प्रदान गरिएको संस्था | सहायता रकम | कैफियत |
|---|---|---|---|
| ६५।०७९।१०।२९ | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन | १५००० | गाउँपालिका अध्यक्षको तोक आदेशानुसार |
| १४२।०७९।१२।५ | राष्ट्रिय युवा संघ नेपाल, पर्वत | २५००० | गाउँपालिका अध्यक्षको तोक आदेशानुसार |
| २४१।०८०।१।१३ | क्षेत्रीय एकीकृत शत्रु जीव व्यवस्थापन कृषि सहजकर्ता समिति | १०००० | क्यालेण्डर विक्री वापत |

| | | | |
|---|---|---|---|
| २७४।०८०।२।१६ | शत्रु जीव व्यवस्थापन कृषक समितिलाई क्यालेण्डर छपाइ वापत भुक्तानी | ५००० | |
| २७३।०८०।२।१६ | तिज विशेष कार्यक्रम | १०००० | |
| २७५।०८०।२।१६ | शुभकामना सन्देश प्रकाशन | ५००० | |
| ३५५।०८०।३।७ | भुसाल चोक आमा समूह, भाँडाकुँडा खरिद | ३०००० | उपाध्यक्षको तोक आदेश अनुसार |
| ४०५।०८०।३।१८ | उराम झरना युवा क्लव | ४०००० | |
| ४०७।०८०।३।१८ | झरना युवा क्लवलाई कार्यक्रम संचालन | १००००० | |
| ४२६।०८०।३।१९ | सृजना युवा क्लवलाई कार्यक्रम संचालन | १००००० | |
| ४५७।०८०।३।२२ | मृगौला रोगीलाई औषधी उपचार | १०००० | |
| ४६१।०८०।३।२२ | नयाँ वर्षमा शुभकमाना सन्देश | १०००० | |
| | जम्मा | ३६०००० | |

**बेरूजु दफा ४७ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| क.सं. | विद्यालयको नाम | स्थायी शिक्षक | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री जनकल्याण मा. वि बाच्छा | १२ | १६ | ४ | १६५ |
| २ | श्री जनविकास आ. वि बाच्छा | ३ | ७ | ४ | ६५ |
| ३ | श्री जनप्रिय प्रा. वि बाच्छा | २ | २ | | ११ |
| ४ | श्री जनकल्याण प्रा. वि बाच्छा | ४ | ४ | | ६९ |
| ५ | श्री जनसेवा प्रा. वि बर्राचौर | २ | ४ | २ | ४९ |
| ६ | श्री आम्बारी मा. वि बर्राचौर | ९ | १४ | ५ | ३४४ |
| ७ | श्री आम्बारी आ. वि बर्राचौर | ५ | ८ | ३ | १२६ |
| ८ | श्री लक्ष्मी प्रा. वि बर्राचौर | ० | ० | | ५ |
| ९ | श्री नेपालतारा मा.वि रानीपानी | १३ | १६ | ३ | २५३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | श्री जनता आ. वि रानीपानी | ४ | ८ | ४ | १०४ |
| ११ | श्री रानीपानी आ. वि रानीपानी | ६ | ८ | २ | १७४ |
| १२ | श्री मातृभूमी प्रा. वि रानीपानी | ३ | ४ | १ | ५४ |
| १३ | श्री सरस्वती प्रा. वि रानीपानी | १ | १ | | २० |
| १४ | श्री गणतन्त्र प्रा .वि रानीपानी | १ | १ | | ३७ |
| १५ | श्री जनचेतना प्रा. रानीपानी | | १ | १ | २० |
| १६ | श्री लोकतन्त्र प्रा. वि रानीपानी | | १ | १ | १५ |
| १७ | श्री वहाकी मा. वि वहाकी | १३ | १७ | ४ | ३२३ |
| १८ | श्री सगरमाथा मा. वि वहाकी | ८ | १० | २ | ५६ |
| १९ | श्री लक्ष्मीभवन मा. वि वहाकी | ८ | ११ | ३ | १०२ |
| २० | श्री विद्याज्योति प्रा. वि वहाकी | २ | ३ | १ | १९ |
| २१ | श्री रम्बादेवीमाता प्रा.वि वहाकी | १ | ३ | २ | ३५ |
| २२ | श्री जनसेवा प्रा. वि वहाकी | १ | २ | १ | ११ |
| २३ | श्री चन्द्र मा. वि उरामखोपोखरा | १२ | १८ | ६ | १७२ |
| २४ | श्री चन्द्र मा. वि उरामपोखरा | ८ | १२ | ४ | १८२ |
| २५ | श्री लक्ष्मी आ. वि उरामपोखरा | ४ | ८ | ४ | ७० |
| २६ | श्री कालिका प्रा. वि उरामपोखरा | २ | ४ | २ | ३८ |
| २७ | श्री शालिग्राम मा. वि शालिग्राम | ७ | १६ | ९ | २९५ |
| २८ | श्री शिला आ. वि शालिग्राम | ५ | ८ | ३ | १२० |
| २९ | श्री बालज्योति प्रा. वि शालिग्राम | २ | २ | | १६ |
| ३० | श्री जनचेतना प्रा.वि शालिग्राम | १ | २ | १ | २१ |

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार १३९ शिक्षक दरबन्दी रहेकोमा २११ जना पदपुर्ति गरेको देखिन्छ । दरबन्दी भन्दा बढी राहत तथा करार शिक्षक नियुक्ति गरेको देखिन्छ । शिक्षा नियमावली अनुसार विद्यार्थि शिक्षक अनुपात हिसाव गरी दरबन्दी ब्यवस्थापन गर्नुपर्दछ ।

### बेरूजु दफा ७२ सँग सम्बन्धित विवरण - अनुसूची -५

| भौचर नं. र मिति | योजनाको नाम | कामको नाम | सम्पन्न परिमाण | उपभोक्ता समितिले तिरेको भ्याट रकम | भुक्तानी VAT रकम | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३७।०७९।१०।१६ | सिलवाल रहरदेखि सिस्नेधारी पैदल मार्ग उपभोक्ता समिति | पि.सि.सि. १:२:४ (सिमेन्ट खरिद) | ९.९५ | २३७० | ४६९४ | २३२४ | ७.७८ बोरा घटी सिमेण्ट खरिद गर्दा गुणस्तर कायम नभएको। |
| ४०।०७९।१०।१७ | वनको घुम्ति देखि रातामाटे पैदल मार्ग | पि.सि.सि. १:३:६ (सिमेन्ट खरिद) | ६.६४ घ.मि. | २३०० | ३१३३ | ८२९ | गुणस्तर कायम नभएको |
| ५२।०७९।१०।२४ | टंदीखोला बाँध निर्माण योजना उपभोक्ता समिति | पि.सि.सि. स्टोन मेशनरी | २.७५ घ.मि. | १६८७ | २३८४.८९ | ६९७ | |
| ६३।०७९।१०।२५ | खरिबोट कुलो मर्मत उपभोक्ता समिति | सिमेण्ट कंक्रिट | १०.२० घ.मि. | २८३१ | ४७१५ | १८८४ | |
| ७१।०७९।१०।२५ | तिवारी कालिका मन्दिर पदमार्ग निर्माण उपभोक्ता समिति | पि.सि.सि. १:३:६ (सिमेन्ट खरिद) | १०.३५ घ.मि. | ३५८८ | ४९६९।१० | १३८१.१० | |
| ७४।०७९।११।३ | बाग्लुङ कालिका उपभोक्ता समिति चिप्लेढुंगा देखि ढलेको बर सम्म | पि.सि.सि. १:३:६ (सिमेन्ट खरिद) | ११.२४ घ.मि. | १९७५ | २९७४ | १००० | |
| ७४।०७९।११।३ | चिप्ले ढुंगा देखि ढलेको बरसम्म | पि.सि.सि. १:३:६ (सिमेन्ट खरिद) | | ४६०८ | ९७९६ | ५१८८ | ९१ बोरा सिमेन्ट लाग्नेमा ७० बोरा खरिद गरेबाट गुणस्तर कायम नहुने |
| ८२।०७९।११।१५ | सोतेपिपल मोटर बाटो ढलान | पि.सि.सि. १:२:४ | ६४.३२ घ.मि. | ३९५८५ | ४४१४९ | ४५६४ | |
| ८६।०७९।११।१६ | फुजाली टोल अटो डाँडा पदमार्ग निमार्ण उपभोक्ता समिति | पि.सि.सि. १:३:६ (सिमेन्ट खरिद) | ९.२९ घ.मि. | २४९७ | ४३८३ | १८८६ | |
| ९०।०७९।११।१६ | नमेदी सिद्धिबाटो निर्माण | पि.सि.सि. १:३:६ (सिमेन्ट खरिद) | ६.५५ घ.मि. | १९७९ | ३१८५ | १२१० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०७।०७९।११।२८ | बौचडी देखि नयाँ पोखरा सम्म घोरेटो बाटी निर्माण | पि.सि.सि. १:३:६ | १२.९६ घ.मि. | ४६०२ | ६१५५ | १५१३ | |
| १११।०७९।११।२८ | स्वास्थ्य चौकी भवन पहिरो नियन्त्रण | पि.सि.सि. १:३:६ स्टोन मेशनरी १:६ | १.५५ घ.मि. ३९.३१ घ.मि. | ७२८० | ६६६९ | २३८९ | |
| १२०।०७९।१२।२ | गैरावारी पधेंरा पदमार्ग निर्माण उपभोक्ता समिति | पि.सि.सि. १:३:६ | ९.३२ घ.मि. | ३३३४ | ४३९८ | १०६८ | |
| १४५।०७९।१२।५ | चौप्रिल्ल चामिलटारी पदमार्ग निर्माण उपभोक्ता समिति | पि.सि.सि. १:३:६ | ६.८४ घ.मि. | १५५४ | ३०५७ | १५०३ | |
| १६४।०७९।१२।१९ | टिमुरे देखि पाँचको अट पैदलमार्ग निर्माण उपभोक्ता समिति | पि.सि.सि. १:३:६ | ६.६५ घ.मि. | २३०४ | ३१३३ | ८२९ | |
| १८१।०७९।१२।२१ | आकाशेपुल पदमार्ग निर्माण उपभोक्ता समिति | पि.सि.सि. स्टोन मेशनरी | | ३८३५ | ५५९१ | १७५६ | |
| १८४।०७९।१२।२५ | कुमाल गाउँ नाली निर्माण उपभोक्ता समिति | प्लम्प कंक्रिट १:३:६ | ९.४६ घ.मि. | १९२९ | ३८९३ | १९६४ | |
| १९३।०७९।१२।२७ | दौरन्दीदेखि कुलामुनिसम्म पैदल मार्ग निर्माण उपभोक्ता समिति | प्लेन कंक्रिट १:३:६ | १५.७५ घ.मि. | ४३०९ | ७४३२ | ३१२३ | |
| २०३।०७९।१२।३० | उपल्लो बरोचौर बास्कोर्ट कुलो मर्मत उपभोक्ता समिति | पि.सि.सि. १:३:६ | १०.६६ घ.मि. | ३६२१ | ५०३० | १४०९ | |
| २०८।०८०।१।६ | ढाकाचौर सिंचाई मर्मत उपभोक्ता समिति | पि.सि.सि. १:३:६ | १०.६१ घ.मि. | ३२८९ | ५४०६ | १७१७ | |
| २११।०८०।१।६ | भेडावारीदेखि फोक्सीङ पैदल मार्ग उपभोक्ता समिति | पि.सि.सि. १:३:६ | २०.२० घ.मि. | ७२३५ | ११२३१ | ३९९६ | |
| २१२।०८०।१।६ | खाल्टा चौतारे पदमार्ग निर्माण उपभोक्ता समिति | पि.सि.सि. १:३:६ | ६.९३ घ.मि. | २४५४ | ३२७० | ८१६ | |
| २२०।०८०।१।७ | डाडागैरा खोला सिंचाइ उपभोक्ता समिति | पि.सि.सि. १:३:६ | | ४६३४ | ३७९८ | ८९५ | |
| २८८।०८०।२।१६ | साउघर हिउँदै सिंचाइ कूलो निर्माण उपभोक्ता समिति | पि.सि.सि. १:३:६ | | ४४२० | ७३७९ | २९५९ | |
| ३२९।०८०।२।२५ | पोखरीचौर नेपालतारा मोटरबाटो उपभोक्ता समिति | पि.सि.सि. १:२:४ स्टोन मेशनरी (१:४) | १२.९६ घ.मि. १६६.३२ घ.मि. | २४९६० | ५४६५० | २९६९० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | | | ७६५९०।१० | |